# हंगकंगका परिवारहरू

## संक्षिप्त विवरण

हंगकंगका परिवारहरूको संरचनामा विगतका केही दशकहरूमा उल्लेखनीय परिवर्तनहरू भएका छन्, श्रमबजारमा महिलाहरूको बढ्दो सहभागिताजस्ता विभिन्न जनसांख्यिकीय र सामाजिक-आर्थिक कारकतत्त्वहरूद्वारा निर्देशित गरिए अनुसार सबैभन्दा उल्लेखनीय रूपमा मूल परिवार (लाग्ने स्वास्नी र आश्रित वालबच्चा) हरूको संख्यामा वृद्धि हुनु। सामान्यतयाः कार्यस्थलमा परिवार मैत्री रोजगार नीति तथा अभ्यासहरू (FFEPs) नभएकोले गर्दा, कामदार (कर्मचारी) हरूलाई काम र पारिवारिक जीवनको बीचमा सन्तुलन हासिल गर्न कठिनाइ भएको छ।

**2.589M घरपरिवारहरू***

*जनगणना तथा तथ्याङ्क विभागका अनुसार पारिवारिक घरपरिवार भनेको एकसाथ बसोबास गर्ने र जीवनयापनका अत्यावश्यक कुराहरूका लागि साझा प्रावधान (जोहो) गर्ने व्यक्तिहरूको समूह हो। एक्लै बस्ने व्यक्तिलाई पनि घरपरिवार मानिन्छ। संयुक्त राष्ट्र संघको अनुसार परिवार भनेको रगत, धर्मसन्तान ग्रहण वा विवाहमार्फत कुनै तोकिएको तहअनुसार सम्बन्धमा बाधिएका घरका सदस्यहरू हुन्।*

* सन् 2019 को पहिलो चौमासिकको तथ्यांक

### लघु तथा धेरै मूल परिवारहरू

- औसत घरपरिवारको आकार (साइज) सन् 1971 को 4.5 बाट सन् 2011 मा 2.9 मा घट्यो र सन् 2018 मा अझ 2.8 मा घट्यो।
- सन् 1986 मा 16% रहेको 6 जना सदस्य भएका घरपरिवारहरूको अनुपात सन् 2019 को पहिलो चौमासिक सम्ममा 3.3% मा घट्यो। आफ्नै घरपरिवार बनाउने र कम बच्चा जन्माउने वा बच्चानै नजन्माउने धेरै विवाहित जोडीहरूको प्राथमिकता (रोजाइ) लाई इंकित गर्दै एक दम्पती समाबेश भएको घरपरिवारहरूको संख्यामा मात्रै वृद्धि भयो।
- सन् 2016 मा एक्लो जीवनयापन गर्ने व्यक्तिको संख्या महिलामा 243,475 तथा पुरूषमा 215,540 थियो, जुन सन् 2001 को तुलनामा पुरूष र महिलामा क्रमशः 91.7% र 33.0% वृद्धि थियो।

### न्यून विवाह र प्रजनन् दर

- महिला पुरूष दुबैमा विवाह ढिलो गर्ने र विवाहनै नगर्ने परिपाटी (प्रचलन) छ। सन् 1981 र सन् 2018 को बीचमा, पुरुषको लागि पहिलो विवाहको मध्यस्थ उमेर 28 बाट 31.5 मा वृद्धि भयो, र त्यस्तैगरी महिलाको 25.3 बाट 29.7 मा वृद्धि भयो।
- सन् 1986 र सन् 2018 को वीचमा, 15 वर्ष वा माथि उमेरका कहिल्यै विवाह नगरेका व्यक्तिहरूको संख्या महिलामा 59.7% र पुरूषमा 11.7% वृद्धि भयो।
- सन् 1986 मा 49.8% रहेको समग्र प्रजनन् दर सन् 2016 सम्ममा 32.2% मा घट्यो। यद्यपि, बढी उमेर समूह (35-39) का महिलाहरूको प्रजनन् दरको साधारणतया बढ्दो क्रम देखियो – सन् 1986 मा 26.9% रहेको दर सन् 2018 मा 52% पुग्यो – यसले विवाह गर्ने र बच्चा जन्माउने काम ढिलो गर्ने गरेको कुरालाई संकेत गर्दछ। सन् 1986 मा 26.6 वर्ष रहेको महिलाको पहिलो बच्चा जन्माउने मध्यस्थ उमेर सन् 2018 मा 31.8 पुग्यो।

### धेरै सम्बन्ध विच्छेद तथा एकल अभिभावकहरू

- सन् 1986 मा कानूनीरूपमा अनुमति प्रदान गरिएका सम्बन्ध विच्छेदको संख्या 4,257 बाट उल्लेख्यरूपमा वढेर सन् 2018 मा 20,321 पुग्यो।
- परिणाम स्वरूप, एकल अभिभावकहरूको संख्या सन् 2001 बाट सन् 2016 सम्म आइपुग्दा 61,431 बाट वृद्धि भएर 73,428 पुग्यो। विशेषगरी, एकल आमाहरूको संख्या लगभग 20% ले वृद्धि भयो भने एकल बावुहरूको संख्या 18.8% ले वृद्धि भयो। धेरैजसो एकल अभिभावकहरू आफ्ना बालबालिकाहरूसँग बस्दथे।

## काम तथा पारिवारिक सन्तुलन

### मात्र 17% रोजगारदाताहरूले पारिवार-मैत्री रोजगार नीतिहरूको कार्यान्वयन गरेका थिए [1]

**काम गर्ने समय (अवधि) –** UBS Price and Earning Report (मूल्य तथा आम्दानी रिपोर्ट) 2015 मा सर्वेक्षण गरिएका 71 वटा शहरमध्ये हंगकंगमा विश्वकै सबैभन्दा लामो काम गर्ने समय (घण्टा) (प्रति वर्ष 2,606 घण्टा) छ। 107 राष्ट्र/क्षेत्रहरू मध्ये 101 वटाले कुनै न कुनै किसिमका वैधानिक काम गर्ने समय सीमा निर्धारण गरेका तथा ती मध्ये 41% राष्ट्र/क्षेत्रहरूले प्रति हप्ता 40-घण्टाको काम गर्ने समय निर्धारण गरेको भएता पनि, आजको मितिसम्म हंगकंगमा मानक (काम गर्ने समय सम्वन्धी मापदण्ड) वा अधिकतम काम गर्ने समय निर्धारण गर्ने कुनै पनि वैधानिक प्रावधान छैन (*स्रोत: अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization) ILO*)।

**प्रसूति तथा प्रसूति स्याहार बिदा** – हंगकंगमा हाल वैधानिक प्रसूति बिदा 10 हप्ताको मात्रै छ। सन् 2018 मा हंगकंग सरकारले ILO द्वारा निर्धारण गरिएको 14 हप्ताको अवधिसँग मिलान गर्नको लागि वैधानिक प्रसूति बिदा 10 हप्ता वाट 14 हप्तासम्म वढाउनका लागि प्रस्ताव गरेको थियो। वैधानिक प्रसूति स्याहार बिदाको हकमा, जेनेवरि 2019 बाट लागू हुनेगरी यसलाई 3 दिनबाट बढाएर 5 दिन बनाइएको छ।

### *कामदारहरूले भनेका कुरा...*



करिव 48% कामदारहरू बच्चा र/वा जेष्ठ नागरिकसँग वसेका थिए

**15%** जागिरका आवेदकहरूले पारिवारिक स्थितिको आधारमा भेदभाव गरिएको आरोप लगाए [2]

**22%** कर्मचारीहरूलाई गर्भावस्था, प्रसूति बिदाको अवधिमा र/वा बच्चालाई जन्म दिएर काममा फर्किएको पहिलो वर्षको अवधिमा भेदभावपूर्ण व्यवहार गरिएको [1]

**20%** काम गर्ने आमाहरूले आफ्ना बालबालिकाहरूको स्याहार गर्नका लागि बिदा लिन आवेदन दिन कठिनाइहरू सामना गर्नुपरेको [1]

[1] Study on Pregnancy Discrimination and Negative Perceptions faced by Pregnant Women and Working Mothers in Small and Medium Enterprises, Equal Opportunities Commission, 2016
[2] Study on Family Discrimination in the Workplace in Hong Kong, Equal Opportunities Commission, 2018

### कानूनी संरक्षण

**पारिवारिक स्थिति भेदभाव अध्यादेश (FSDO)** सन् 1997 मा लागू गरिएको थियो। यसले कुनै पनि व्यक्ति वा संस्थाले पारिवारिक स्थितिको आधारमा कुनै व्यक्ति, पुरुष वा महिला उपर भेदभाव गर्ने कार्यलाई गैर-कानूनी बनाउँछ। 'पारिवारिक स्थिति' भनेको कुनै पनि व्यक्तिमा निहित रहेको नजिकको पारिवारिक सदस्य, जस्तै रगतको नाता, विवाह, धर्मसन्तान वा वैवाहिक सम्वन्धले नाता जोडिएको व्यक्ति, को स्याहारको दायित्व हुन्छ भन्ने हो।

EOC ले भेदभाव सम्बन्धी कानूनको समीक्षा अन्तर्गत निम्न कुराहरू सिफारिस गरेको छ:

- SDO अन्तर्गत महिलाको हकमा प्रसूति बिदापछि आफ्नो साविकको कामको पदमै फर्कनका लागि वैधानिक अधिकार उल्लेख गर्न।
- पहिलेका विवाहबाट र हालको र पहिलेको कानूनी-विवाह विना एकसाथ बसेका मानिसहरूवाट सिर्जना भएका विभिन्न सम्बन्धहरूबाट हालको FSDO अन्तर्गत पारिवारिक सदस्यहरूको हेरचाहसँग सम्बन्धित सुरक्षाको विस्तारमा अनुसन्धान र सार्वजनिक परामर्श सञ्चालन गर्न

भेदभाव सम्बन्धी कानूनको समीक्षाको बारेमा जान्नको लागि: aspx.default/dlr/inforcenter/graphicsfolder/eoc/hk.org.eoc.www//:http

स्रोत: Census and Statistics Department, HKSAR (जनगणना र तथ्याङ्क विभाग, हंगकंग विशेष प्रशासनिक क्षेत्र):

- Quarterly Report on General Household Survey (Jan-Mar 2019)
- 2017 Year-end Population & 2016 Population By-census
- "Women and Men in Hong Kong - Key Statistics" (2019 Edition)
- Hong Kong 2011 Population Census Thematic Report: Single Parents

*प्रतिलिपि अधिकार © Equal Opportunities Commission, जुलाई 2019*
*ठेगाना: 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong*
*टेलिफोन: 2511 8211 फ्याक्स्: 2511 8142 इ-मेल: eoc@eoc.org.hk वेबसाइट: www.eoc.org.hk*